# सामुदायिक विद्यालयमा शिक्षक र
# विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह
(एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

**शिवप्रसाद भट्ट**

क्याम्पस रोल.नं. ४४

त्रि.वि.वि दर्ता नं. : १३८५१-८४

परीक्षा रोल नं. : २४०००२३/२०६४

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

**असार,२०६८**

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता शिवप्रसाद भट्टद्वारा तयार पारिएको **"सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. देनप्रसाद लामिछाने

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६८..................


# शिक्षा योजना तथा व्यवस्थापन विभाग

# स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्.एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी शिवप्रसाद भट्टद्वारा तयार पारिएको **"सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन"** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको हुनाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप प्रा.
   कुवेरनाथ शर्मा विभागीय प्रमुख ..........................

2. उप. प्रा.
   देनप्रसाद लामिछाने शोध निर्देशक ..........................

३ प्रा. ................... वाह्य परीक्षक ............................

मिति : २०६८/......../........

# कृतज्ञता

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गतको द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि “सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन” नामक यो शोधपत्र तयार पारिएको छ ।

यस शोधपत्र तयारीका क्रममा आफ्नो व्यस्त समयको कारण पनि अमूल्य समय दिई आवश्यक सन्दर्भ सामग्री सङ्कलनका साथै शोध प्रस्ताव तयारीदेखि लिएर शोधपत्रलाई प्रारुप प्रदान गर्नको लागि आवश्यक सहयोग सल्लाह एवम् निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक उप-प्राध्यापक श्री देनप्रसाद लामिछानेज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै शोध कार्यको क्रममा महत्वपूर्ण सुझाव दिई शोधपत्रलाई मूर्तरुप दिन हरतरहबाट सहयोग प्रदान गर्नु हुने आदरणीय गुरुहरु उप. प्राध्यापक श्री रमाकान्त सापकोटा, सहायक प्राध्यापक श्री जय कृष्ण शर्मा र शिक्षा विभागीय प्रमुख उप प्राध्यापक श्री कुवेरनाथ शर्मा ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोध अध्ययन तयारिका क्रममा सहयोग पुऱ्याउनु हुने आत्मिय मित्र श्री दयाराम ढकाल, सूर्य नारायण महतो लगायत दुल्लभ क्याम्पसका समपूर्ण प्राध्यापक मित्रहरु र दुल्लभ उच्च मा.वि. का सम्पूर्ण स्टाफहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । साथै यस शोधपत्रको तयारीको क्रममा सूचना सङ्कलनमा सहयोग पुऱ्याउनु हुने छनोटमा परेका विद्यालयका सम्पूर्ण उत्तरदाता तथा सहयोगीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोध अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि पारिवारिक वातावरण मिलाई हर तरहाबाट सहयोग गरिदिने जीवनसाथी रामकुमारी भट्ट, छोराहरु दिपेन्द्र भट्ट, उपेन्द्र भट्ट र छोरी उषा भट्ट प्रति पनि आभार व्यक्त गर्दछु ।

शोधपत्रलाई मुर्त रुपमा दिन लेखन कार्यमा र शुद्धाशुद्धी कार्यमा सहयोग पुऱ्याउनु हुने श्री शालिक सापकोटा प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस शोध कार्यलाई कम्प्युटर प्रिन्ट गरी अन्तिम रुप प्रदान गरी सहयोग पुऱ्याउने न्यू सौरभ फोटाकपी एण्ड फोटो स्टुडियो परिवार प्रति कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र सम्बन्धित विद्यार्थी, संघ, संस्था, नागरिक समाजलाई उपयोगी हुनेछ भन्ने कुरामा पूर्ण विश्वास लिएको छु ।

मिति : २०६८..............

शोधकर्ता

शिवप्रसाद भट्ट

# शोधसार

सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको वर्तमान अवस्था, त्यसको प्रभावकारिता, त्यसमा देखिएका समस्याहरु र समाधानका उपायहरुको खोजी गरी सुझाब प्रस्तुत गर्ने उद्देश्यले "सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थपन" नामक शीर्षक चयन गरी यो शोधपत्र तयार गरिएको छ ।

अध्ययनको क्रममा गोरखा जिल्ला घ्याम्पेसाल स्रोतकेन्द्र अन्तर्गतको ४० वटा विद्यालयहरु मध्ये दुल्लभ उ.मा.वि. मसेल, विन्द्रावती उ.मा.वि मसेल, शैलपुत्री उ.मा.वि. देउराली र सिद्धकाली मा.वि. तान्द्राङ्ग गरी जम्मा ४ वटा विद्यालयलाई नमुना छनोट विधिको प्रयोग गरी अध्ययन अनुसन्धान गरिएको थियो । छनौटमा परेका सम्पूर्ण विद्यालयका प्र.अ.हरु, अभिभावक संघ, विद्यार्थी प्रतिनिधि, शिक्षक, व्यवस्थापन समितिका अध्यक्षलाई उत्तरदाताको रुपमा लिईएको थियो । तथ्याङ्क संकलनका क्रममा प्राथमिक तथा द्वितीय गरी दुवै प्रकारका तथ्यांकहरुको प्रयोग गरिएको थियो ।

विद्यालयहरु स्रोत र साधनले सम्पन हुन नसकेको, विभिन्न राजनीतिक कारणले गर्दा द्वन्द्व व्यवस्थापनमा समस्या रहेको, प्र.अ.को कार्यबोझका कारण शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनमा खासै भूमिका निर्वाह गर्न नसेको, विद्यालय व्यवस्थापन समितिले आफूहरु समय समयमा बोलाएको बेलामा मात्र उपस्थित हुने अरु सम्पूण जिम्मेवारी शिक्षक तथाविद्यालय प्रशानको नै हो भन्ने जस्ता गैर जिम्मेवारी पूर्ण कुरा गर्ने र विद्यालयमा खासै चासो नदेखाउने गरेको, शिक्षकहरुले जानि जानि पनि आफ्नो व्यवहारमा परिवर्तन नगरिदिँदा शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई सही तरिकाले व्यवस्थापन गर्न नसकिएको अनुगमन र मूल्याङ्कनको कमी भएको जस्ता समस्याहरु रहेको पाइयो ।

द्वन्द्वरत पक्षका बीचमा प्रत्यक्ष सम्बन्ध बढाई प्रारम्भिक अवस्था देखि नै सम्बन्ध बढाउने, शिक्षक आवश्यकता परिपूर्ती, उसका इच्छा र चाहना, उसको व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक परिवेश अनुसार आफूमा परिवर्तन ल्याउन नसकेमा शिक्षक र विद्यार्थीमा द्वन्द्व बढ्दछ । शिक्षक र विद्यार्थी बीच द्वन्द्वको सही व्यवस्थापन गर्न विद्यालयलाई सुधारात्मक उपायको परम्परागत र आधुनिक धारणा अपनाउनु पर्ने, द्वन्द्वलाई परम्परागत शैलीमा मात्र बुझ्दा यसले विद्यालयमा नकरात्मक प्रभावमात्र पार्दछ । द्वन्द्व

समझदारी र स्वस्थ्य प्रतिस्पर्धाका लागि हो । कुनै पनि खोज अनुसन्धानका लागि द्वन्द्व हुनपर्दछ तर मानव अस्तित्वनै मेटिने गरि भने हुनु हुँदैन भन्ने जस्ता निष्कर्ष निकालिएको थियो ।

यसै गरी उद्देश्य अनुसार समस्या समाधान गर्न विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराउनु पर्ने, शिक्षकहरुले अध्ययन अध्यापनका क्रममा पूरानै परिपाटी अँगाले विद्यार्थीलाई केवल रित्तो भाँडोको संज्ञा नदिइ विद्यार्थी केन्द्रित विधिको प्रयोगद्वारा अध्यापन गरेमा शिक्षक र विद्यार्थी बीच प्रभावकारी ढङ्गबाट द्वन्द्वको व्यवस्थापन हुन सक्दछ । विद्यालयको कार्यभार प्र.अ.ले नै सम्हाल्नु पर्ने भए पनि कार्यभारलाई बोझ नसम्झिकन शिक्षक र विद्यार्थी बीच देखिएको द्वन्द्वलाई व्यवस्थापन गर्ने तर्फ सक्रिय रुपले लाग्नु पर्दछ । समुदाय तथा सम्बन्धित सरोकार वालाहरुले अझ बढी सक्रिय भूमिका निर्वाह गर्नुका साथै जनचेतनाको अभिवृद्धि गर्ने हो भने शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई व्यवस्थापन गर्न सकिन्छ भन्ने जस्ता निष्कर्ष निकालिएको छ ।

विषय सूची


सिफारिस पत्र I

स्वीकृति पत्र II

कृतज्ञता III

शोधसार IV

विषय सूची VI

सङ्क्षिप्त शब्दावली सूची

VIII

**परिच्छेद एक : परिचय**

१. अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 3

१.३ अध्ययनको औचित्य 4

१.४ अध्ययनको उद्देश्य 5

१.५ शोध प्रश्नहरू/ अनुसन्धानात्मक प्रश्नहरू 6

१.६ अध्ययनको परिसीमा 6

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका तथा**

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन 8

२.२अध्ययनकोसैद्धान्तिकखाका 13

2=5 शैक्षिक उपादेयता 15

**परिच्छेद-तीन : अध्ययन विधि**

३.१अनुसन्धानकोढाँचा 16

३.२जनसंख्यारनमुनाछनौटप्रक्रिया 16

३.३अध्ययनकोसाधनकोनिर्माण 17

३.४तथ्याङ्कसंकलनकास्रोतहरू 17

३.४तथ्याङ्कसङ्कलनविधि 18

३.६तथ्याङ्ककोव्याख्यारविश्लेषण 18

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको वर्तमान अवस्था 19

४.१.१ द्वन्द्वको तह 21

४.२ सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनको प्रभावपकारिता 23

४.३ सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बचीको द्वन्द्व व्यवस्थापन सम्बन्धी देखिएका समस्याहरु 24

४.४ सामुदायिक विद्यालयमा द्वन्द्वका कारण शिक्षक र विद्यार्थी बीच देखिएका समस्याहरूकोनिराकणकाउपायहरू 30

४.४.१ सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको लगिसरोकारवलाहरुलेखेलेकाभूमिकाहरु 31

४.४.२ सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि भएकाप्रयासहरु 35

४.४.३ सामुदायिक विद्यालयमा शिक्षक र बिद्यार्थी बीच द्वन्द्वव्यवस्थापनले पार्ने सकरात्मकप्रभावरव्यवस्थापननहुँदापर्नेनकरात्मकप्रभावहरु 36

**परिच्छेद पाँच : प्राप्ति, निस्कर्ष र सुझाव**

५.१ प्राप्ति 39

५.२ निस्कर्ष 41

५.३ सुझावहरू 43

**सन्दर्भ सूची**

**अनुसुचीहरु**

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.प्र. | : | विद्यालय प्रशासन |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | : | विद्यालय निरिक्षक |
| व्य.सं. | : | व्यवस्थापन समिति |